


त्रैमासिक पत्रिका छाल वर्ष – १ अङ्क – ४ चैत्र

## सम्पादकीय

# रूपान्तरण

**रूपको अन्तर = रूपान्तरण**

रूप र सार दुवैमा परिवर्तन हुनु भनेको रूपान्तरण हो । सामाजिक संरचना बद्लिनु हो । एक किसिमको समाज बद्लिएर अर्को किसिमको चरित्रको हुनु हो ।

रूपान्तरण एक गतिशील प्रक्रियाहो, जसले व्यक्ति र समाजलाई एक अवस्थाबाट अर्को अवस्थामा, एक आयामबाट अर्को आयाममा सकारात्मक परिवर्तन गर्छ । परिवर्तन बहुआयामिक हुन्छ । परिवर्तनले प्रत्यक्षरूपमा व्यक्ति, समाज र राष्ट्रलाई असर पारेको हुन्छ । हामीले चाहेको परिवर्तन भनेको समाजमा सदियौंदेखि चलिआएको व्यक्तिगत सोच र सामाजिक सोचमा परिवर्तन हो । यो परिवर्तनका लागि नेतृत्त्व तहमा रूपान्तरणकारी सोच हुन जरूरी छ । समाजको सोचमा रूपान्तरण आवश्यक छ ।

रूपान्तरणकारी परिवर्तन भनेका त्यस्ता परिवर्तनहरू हुन्, जसले स्थापित संरचनागत असमानतालाई चुनौती दिदै आधारभूत एवं दिगो परिवर्तन स्थापित गर्दछ । समाजमा भएको कुनै पनि परिवर्तनले महिला अधिकार सुनिश्चित गर्दैन भने त्यो परिवर्तन दिगो हुन सक्दैन र त्यस्तो परिवर्तन रूपान्तरण पनि हैन । अहिलेको परिवर्तन सीमित वर्गको लागि मात्रै आएको/भएको जस्तो देखिन्छ । सत्तामुखी राजनीति महिलामुखी हुनसकेको छैन । अबको राजनीति, महिलाको कामको सम्मान र पहिचानमा केन्द्रित हुन जरूरी छ ।

रूपान्तरणले यथास्थितिवादी संरचनालाई चुनौती दिदै विधिको शासन स्थापित गरी प्रणाली बनाउँछ, व्यवहारमा उतार्छ र प्रत्येक नागरिकलाई **समतामूलक वितरण** गर्छ । सामाजिक, साँस्कृतिक, आर्थिक, राजनीतिक लगायतका सर्वाङ्गिण पक्षमा **समतामूलक वितरण** रूपान्तरणका लागि आवश्यक आधारभूत तत्त्व हो । एउटा पक्षलाई पछि छोडेर अगाडि बढेको समाजमा रूपान्तरण सम्भव छैन । रूपान्तरणकालागि देशका प्रत्येक नागरिक, समुदाय, वर्ग, लिङ्ग, जात, धर्म, भाषा, संस्कृति, रीतिरिवाजलाई विकासको मूलधारमा समावेश गराउँदै संविधानमा व्यवस्था गरिएका अधिकारको प्रभावकारी कार्यान्वयन र समतामूलक वितरण जरूरी हुन्छ ।

देशले अब रूपान्तरण खोजेको छ । हामी रूपान्तरण चाहन्छौं भने केवल अरूले गरे जस्तो मात्रै काम गरेर पुग्दैन । हामीले कुनै पनि समस्याको लागि उक्त समस्याको जरा कारणको विश्लेषण गर्नु र उक्त जरा कारणको समस्या समाधान गर्नु जरूरी छ । यसका लागि प्रतिवद्ध नेतृत्त्व आवश्यक हुन्छ । प्रतिवद्ध नेतृत्त्वले आफू कति रूपान्तरित भएका छौं, हाम्रो सोच्ने तरिकामा फरक आएको छ कि छैन? हामीले हाम्रो व्यवहारमा रूपान्तरण गरेका छौं कि छैनौं? हाम्रो भाषा र बोल्ने तरिकामा रूपान्तरण भएको छ

कि छैन? भन्ने विषयमा विश्लेषण गर्नु पनि त्यतिकै जरूरी हुन्छ ।

रूपान्तरण त्यतिबेलामात्रै सम्भव हुन्छ जबसम्म राज्यका हरेक नागरिकले बिना भेदभाव बाँच्न पाउने वातावरण सिर्जना हुन्छ । प्रत्येक नागरिकले अधिकारको प्रत्याभूति गर्छन् । यसका लागि सबैभन्दा महत्त्वपूर्ण शर्त भनेको समान नागरिकको हैसियत हुनु हो, कसैलाई पनि दोस्रो दर्जाको रूपमा व्यवहार नगर्नु हो । व्यवस्थामात्रै परिवर्तन भएर व्यवहार जस्ताको तस्तै भयो भने रूपान्तरण सम्भव हुन्न । रूपान्तरणका निम्ति हाम्रो नीति, नियत अनि व्यवहार बद्लिनु पर्छ ।

# श्रमिक आवाज

## मेरो श्रम पनि श्रम हो

**श्रमको सम्मान हाम्रो पहिचान: मर्यादित श्रम रूपान्तरणको अभियान**

नाम: अनिशा श्रेष्ठ
उमेर: ३५
शिक्षा: प्राथमिक तह
वैवाहिक स्थिति: विवाहित
जातियता: पहाडी जनजाति
अस्थायी ठेगाना: कुमारीगाल
स्थायी ठेगाना: धादिङ

स्थायी ठेगाना धादिङ भएकी अनिशा श्रेष्ठ हाल काठमाण्डौको कुमारीगालमा अस्थायीरुपमा बसोबास गर्छिन् । एक छोरा, एक छोरी, श्रीमान् र उनी गरी जम्मा ४ जनाको परिवार छ । बाल्यकाल दुखै गरेर बिताएकी उनीले प्राथमिक तहसम्मको अध्ययन गरेकी छिन् । श्रीमान्को कमाइले मात्रै घर धान्न कठिन हुन्छ, बालबच्चाको लालनपालन, अध्ययनमा बढी नै खर्च हुने भएकाले र घर चलाउन सजिलो होस् भन्नाको खातिर पनि घरेलु श्रमिकको रूपमा काम गरेको बताउँछिन् अनिशा ।

दैनिक ३ ठाउँमा काम गर्ने उनीले एक ठाउँमा पुछने र भाँडा माझ्ने गर्छिन् भने अरू दुई ठाउँमा लुगा पनि धुनुपर्छ । सबै ठाउँमा ५/५ हजारका दरले पारिश्रमिक लिने उनीले महिनाको अन्तिम तिर एकमुष्ठ रकम लिने गरेकी छिन् । यसरी एकमुष्ठ रकम लिँदा घर व्यवहार चलाउन सजिलो हुन्छ रे उनलाई । "आवश्यकता परेको बेला बिचमा पारिश्रमिक माग्दा पनि नाइ चाहिँ भन्नु हुन्न रोजगारदाताले"-अनिशा भन्छिन् ।

अनिशाले काम गर्ने कार्यस्थल सुरक्षित छ, रोजगारदाताहरू पनि सहयोगी भावनाका छन् । साथीको माध्यमले चिनजान बढेपछि काममा गएकी उनीले काम गरे अनुसारको पारिश्रमिक पाएकी छिन् ।

तपाईंले हाल पाउनु भएको पारिश्रमिकमा सन्तुष्ट हुनुहुन्छ त? भनेर गरेको प्रश्नमा उनी भन्छिन्-" रोजगारदाताले आफैले बुझेर बढाइदिए हुने थियो भन्ने लाग्छ, आफैले भनौं भने भएको जागिर पनि नदेलान् कि भन्ने डरले पारिश्रमिक बढाइदिनु भनेर भन्ने गर्दिनँ ।"



"हामीलाई पनि सम्झौता पत्र दिए देखि हाम्रो काम पनि व्यवस्थित हुने थियो भन्ने लाग्छ तर यस बारेमा मलाई त केही थाहा छैन"- भन्छिन् अनिशा ।

**नयाँ वर्ष २०८० सालको सुअवसरमा स्वदेश तथा विदेशमा रहनु भएका समस्त नेपाली श्रमजीवी महिलाहरूमा सुस्वास्थ्य, शान्ति र समृद्धिको उत्तरोत्तर प्रगतिको शुभकामना !**

Tarangini foundation

# संघर्षको कथा



"मेरो नाम इन्दु श्रेष्ठ। मेरो जन्म सिन्धुपाल्चोक जिल्लाको इन्द्रावती गाउँपालिका साविक बाढीगाउँ गाविस वार्ड नम्बर १ मा भएको थियो। ग्रामीण भेगमा पानीको धारा घरबाट टाढा हुन्छ, घाँसदाउरा गर्नु पर्ने हुन्छ । मैले पनि ती सबै काम गरेर बिताएँ। काम गर्दा गाउँमा साथीहरू सँगै हुने भएकाले रमाइलो हुन्थ्यो। बाल्यकाल रमाइलो गरी बित्यो।

मेरी दिदीको विवाह सानै उमेरमा भयो। दिदीको विवाहको बेला जन्ति आउनेमध्ये कसैले हाम्रो घरलाई "छि: बेहुलीको घर त खरको रहेछ, झुप्रो" भनेको कारण मेरो मनमा एक प्रकारको इख बस्यो। अब मैले कमाउनु पर्छ भन्ने सोचेर ८ कक्षा पढ्दा पढ्दै काम गर्न काठमाडौं गएँ। लगभग एक वर्ष काठमाडौंको खाद्य उद्योगमा सामान गन्ने र रेकर्ड राख्ने काम गरें। त्यो बेला मेरो तलब ८ हजार थियो। ८ हजारले घर बनाउन नसकिने रहेछ भन्ने लाग्यो। एक जना साथीले विदेश जाने प्रस्ताव राख्नु भयो। विदेशमा धेरै कमाइ हुन्छ भन्ने सपना बोकेर म कुवेत उडें। दुई पटक गरेर कुवेतमा ५ वर्ष बिताएँ।

घरायसी काम गर्नु पर्छ। महिनाको ४५ के.डी. तलब हुन्छ भन्या थियो, सोही अनुसारको काम र तलब थियो। बिहान ५ बजे देखि घर सफा गर्ने, लुगा धुने, पुछ्ने, भाँडा माझ्ने, आइरन गर्नु पर्ने, खाना पकाउनु पर्ने लगायतका सबै घरभित्रको काम गर्नु पर्थ्यो। एक छिन बस्न मिल्दैन्थ्यो। सधैंजसो मैले रातको १ बजे मात्रै सुत्न पाउँथे। सुत्ने बेला मलाई पाँचतला माथिको कोठामा ताल्चा लगाएर राखिन्थ्यो ताकि म बाहिर जान या भाग्न नसकौं भनेर। अनि बिहान भएपछि ताल्चा खोलिन्थ्यो तर घरको मुल ढोकामा चाहिँ सधैं ताल्चा लाएको हुन्थ्यो। त्यहाँ हुन्जेल मैले घरभित्रको चारभित्ता बाहेक अरू केही देखिनँ।

एक दिन बिहान ५ बजे घर सफा गर्दैथिएँ। घर सफा गरेको भएन भनेर एक्कासी साहुनी आएर रन्थनिने गरी मेरो गालामा एक झापड हिर्काइ। मलाई उसले हिर्काउने वाला छे भनेर थाहै थिएन। एक छिन मैले केही सोच्नै सकिनँ। मलाई पनि रिस उठ्यो, मैले पनि साहुनीलाई दुई झापड गालामै हिर्काएँ। साहुनी चिच्याएर, आफ्नै कपाल लुछन थाली, आफैले उसको शरीर कोतर्न थाली। अब मलाई यिनीहरूले मार्छन् भन्ने लाग्यो र म त्यही दिन भागेँ। पाँच तला माथिबाट लुक्दै लुक्दै घरको पछाडि राखिएको डण्डीबाट सुल्की हानेँ। बल्ल बल्ल तल झरें, गेटमा त झनै ठुलो ताल्चा रहेछ। हिम्मत बटुलेर गेटमा चढें र त्यहाँबाट फाल हानी भाग्न सफल भएँ। त्यो घटना एकदमै डर लाग्दो थियो, अहिले सम्झिँदा कसरी निस्कन सकें होला भन्ने लाग्छ।

एजेन्सीले मलाई फेरि अर्को घर पठायो, त्यो घरमा झन गाऱ्हो भयो। खानै नदिने, काम गरेको भएन भनेर पिट्ने। दिनमा नै मलाई तीन पटकसम्म पिटेको छ। कुवेतमा अर्काको कुटाइ खाएर नै मरिने रहेछ भन्ने लाग्थ्यो मलाई। त्यो घरमा पनि काम गर्न सकिनँ। मलाई एजेन्सीको अफिस पुऱ्याइदिनु, म काम गर्न सक्दिनँ, म घर जान्छु भनें। धन्न साहुले अफिस पुऱ्याइदियो। फेरि तेस्रो घरमा मलाई काम गर्न लगियो। सौभाग्यबस्, तेस्रो घर राम्रो पऱ्यो। त्यस घरको साहुनी सञ्चार माध्यम काम गर्नुहुन्थ्यो। मलाई बिरामी हुँदा पनि औषधि उपचार गर्नुभयो। मलाई टिप्स पनि दिनुहुन्थ्यो। मैले राम्रै पैसा कमाउन सकें।

कुवेतमा ३ वर्ष बिताएर नेपाल फर्किएँ। मैले कमाएको पैसाले घर बनाएँ। तर, दुर्भाग्य भन्नुपर्छ, २०७२ मा आएको भूकम्पले घर भत्काइदियो। मैले खाडीमा दुख गरेर कमाएको पैसा त्यसै खेर गयो। विवाह गरेर काभ्रे जिल्लाको पनौतीमा आएँ। घरको आर्थिक अवस्था खास राम्रो थिएन यता पनि। श्रीमान्सँग सल्लाह गरेर सेक्युरिटी गार्डको रूपमा फेरि (कम्पनीमा) कुवेत गएँ।

यो पटक भने राम्रो कमाइ हुनसक्यो। दुई ठाउँमा काम गरेर मैले महिनाको १लाख १० हजार नेपाली रूपैयाँ कमाउथें। २ वर्षपछि कोविड-१९ को बेला म नेपाल फर्कें।

हाल तरकारीको खेती (व्यवसाय) गरेर बसेकी छु। "म विदेशमा काम गरेर फर्किएकी महिला हुँ, म सब्जी खेतीको व्यवसाय गर्छु। कुनै किसिमको हामीले पाउने सहयोग वा अनुदान छ भने मेरो लागि पनि बिचार गरियोस्। पनौती नगरपालिकाभरी वैदेशिक रोजगारबाट फर्किएर कृषि व्यवसाय गर्ने महिला म मात्रै हुँ" भनेर पालिका गएर कुरा गर्दा पनि स्थानीय सरकारबाट कुनै किसिमको अनुदान पाएकी छैन्। मैले अनुदानमै मात्र व्यवसाय गर्छु भन्या हैन, २० प्रतिशत जति अनुदान पाए पनि हामीलाई सहज हुन्थ्यो। तै पनि मैले व्यवसाय गरिरहेकी छु। "वैदेशिक रोजगारबाट फर्केर आएपछि पनि यिनीहरूले काम गरिरहेका छन्, यिनीहरूलाई पुनर्स्थापना गर्न सरकारकोतर्फबाट सहज वातावरण सिर्जना गराउनु पर्छ" भन्ने सोच नेपाल सरकारको रहेको पाइएन। बोल्न सक्नेले मात्रै कृषिमा पनि अनुदान पाएका छन्, महिलाले गरेको काम भनेर होला मेरो कामलाई खासै वास्ता गरिएको छैन।

दुख गरेर कमाएर ल्याएको सम्पत्तिले नेपालमा पनि दुख गरेर खाइरहेकी छु। हामीलाई समाजले हेर्ने दृष्टिकोण फरक छ। विभिन्न किसिमका लाञ्छनाहरू लगाइरहन्छन्। वैदेशिक रोजगारबाट फर्केका महिलाहरू हिम्मतवाला हुनुपर्छ। कसैले लाञ्छना लगायो भनेर दुखी भएर बस्ने गर्नु हुन्न। जस्तालाई त्यस्तै व्यवहार गर्नुपर्छ, उनीहरूका कुराको जवाफ दिने गर्नुपर्छ साथै आफ्नो काम गर्न छोड्नु हुन्न। त्यसपछि उनीहरू आफै चुप लाग्छन्।

वैदेशिक रोजागारबाट फर्केका महिलाहरूले नेपाल आएर जे गरेका छन्, त्यस अनुरूपको नीति बनाई सरकारले सहयोग गरिदिए हुन्थ्यो। जस्तै, मैले नेपालमा आएर कृषि व्यवसाय गरेकी छु, सब्जी खेती गरेकी छु। कृषिमा पाउने अनुदान जुन लक्षित वर्गलाई आएको हो, उसको पहुँचमा पुगोस्। मल खादहरू सजिलै पाउन सक्ने वातावरण होस्। बजारको व्यवस्थापन गरिदिने किसिमको नीति ल्याएर हामीलाई पुन:एकीकरण गर्नमा मद्दत गर्ने वातावरण नेपाल सरकारले बनाइदिए हुन्थ्यो जस्तो लाग्छ। हामीले पनि त विदेश हुँदा विप्रेषणमा योगदान गरेका छौं नि, नेपालको विकासमा कुनै न कुनै माध्यमले सहयोग गरेका छौं नि। हामीलाई पनि हामी फर्केपछि अलपत्र नपारियोस्, हामी पनि नेपाली जनता नै हौं, हाम्रो जिम्मेवारी पनि नेपाल सरकारको हो, त्यसैले हामी महिलालाई ध्यानमा राख्दै नीति बनाइयोस्"-भन्छिन् इन्दु।

## रेणुका सूर्य

## कविता



तिम्रो मूल्य मान्यताले मलाई सधैं मुनि पारिरह्यो मेरो
शरीरको मालिक बनेर
तिमी आफूलाई भगवान ठान्छौ
भो अब पुष्पवृष्टि
भो अब अबिर चन्दन
तिम्रा पाउमा झुक्नु छैन मलाई
पाउमा दस्तुरको कल्ली भिरेर
धर्तीमाता बन्नु छैन मलाई।

सामाजिक संरचनाको बन्धन तोड्नु छ मलाई
असमान शक्ति सम्बन्धको मूल सुकाएर
समान शक्ति सम्बन्धको जरूवा खन्नु छ मलाई
मेरो गर्भ मेरो अधिकार भन्नु छ मलाई।

सामाजिक संरचनाको नाममा, तिमी मलाई किल्चिरहने,
मेरो शरीर तिम्रो भनिरहने?
तिमीलाई मैले कहिल्यै बलात्कार गरें?
तिमी नै भन त, तिम्रो शरीर मैले कहिल्यै मेरो भनें?
सोचाइले सिर्जना गरेको भयानक भ्रमको धरहरा भत्काउनु
छ मलाई,
मेरो शरीर मेरो अधिकार भन्नु छ मलाई।